नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(कर्मचारी कल्याण शाखा)

पत्र संख्या : ०८०/०८१
चलानी नं. : ९८

मितिः२०८१/५/५
ने.सं. ११४४ गुंलागा २ बुधवार

श्री स्थानीय तह,
७५३ वटै ।

विषयः **वैदेशिक रोजगार सन्तति छात्रवृत्ति सम्बन्धमा।**

उक्त विषयमा वैदेशिक रोजगार बोर्डको सचिवालयको च.न. १४१ मिति २०८१/०४/३१ गतेको पत्र मार्फत प्राप्त वैदेशिक रोजगार सन्तती छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारेको सूचनाको छायाँप्रति पाना -१ र वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८० मा भुक्तानी छुट भएका एवं २०८१) का लागि निवेदन दिने बारको सूचना को छायाँप्रति पाना-४ संलग्न राखी आवश्यक कार्यान्वयन तथा सहजीकरणका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

शरद कुमार दाहाल
शाखा अधिकृत

बोधार्थः
श्री वैदेशिक रोजगार बोर्डको सचिवालय, बबरमहल।

सिंहदरवार, काठमाण्डौं ०१-४२००३०९

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
# वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं
फोन नं. ०१-५३२०३११
श्रमाधान: ११४१

मितिः २०८१/०४/३१
ने.सं. ११४४ गुंलाथ्व शुक्ल दशमी बिहीबार

प.सं:- २०८१/८२
च.नं.:- 989

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- 693
दर्ता मितिः- 5/2

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः स्थानीय तहहरुमा सूचना प्रेषण गरिदिनुहुन।

प्रस्तुत विषयमा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम वितरण हुने छात्रवृत्ति कार्यक्रममा सहभागी हुने बारेको मिति २०८१/०४/३१ मा प्रकाशित संलग्न सूचना सबै स्थानीय तहहरुमा प्रेषण गरी आवश्यक कार्यान्वयनमा सहजीकरण गरिदिनुहुन सो सूचनाको छायाँकपी यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(टिकाराम ढकाल)
निर्देशक

प्र.से.म.
56/5/2

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
कर्मचारी कल्याण शाखा
दर्ता नं.:- 55
मितिः- 2081/5/5

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं

## वैदेशिक रोजगार सन्तती छात्रवृति कार्यक्रममा सहभागी हुने बारेको सूचना

(सूचना प्रकाशन मितिः २०८१/०४/३१)

वैदेशिक रोजगारीमा गएर मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका १८ वर्ष मुनिका १२ कक्षा सम्म अध्ययनरत बालबालिकाहरुलाई प्रदान गरिने छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका नेपालको कुनै पनि सामुदायिक एवं संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई उक्त कार्यक्रममा समावेश हुन यो सूचना प्रकाशन गरिएको छ। छात्रवृत्ति प्राप्त गर्न योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुले वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० बमोजिम आ-आफ्नो विद्यालयमा यो सूचना प्रकाशन भएको ६० (साठी) दिन (२०८१ असोज मसान्त) भित्र निवेदन पेश गर्नुहुन साथै सम्वन्धित विद्यालयले यस्ता निवेदन प्राप्त भए पश्चात कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी आ-आफ्नो स्थानीय तह (शिक्षा समितिबाट निर्णय हुने गरी पालिकाले तोकेको शिक्षा शाखा वा रोजगार सेवा केन्द्र) मा कागजात सहित सिफारिस गर्नुहुन निर्देशक समितिको मिति २०८१/४/२४ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी थप जानकारी सचिवालयको वेबसाईटमा विस्तृत सूचनामा राखिएको हुँदा सो अध्ययन गर्नुहुन एवं सम्वन्धित स्थानीय तहको रोजगार सेवा केन्द्र वा वैदेशिक रोजगार बोर्डको सचिवालय वा श्रमाधान कल सेन्टरको पैसा नलाग्ने नम्बर ११४१ मा सम्पर्क गर्न सकिने समेत जानकारी गराईन्छ। सूचना तथा कार्यविधि सचिवालयको वेबसाईट www.feb.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ।

कार्यकारी निर्देशक

डा. द्वारिका उप्रेती

कार्यकारी निर्देशक

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार बोर्डको सचिवालय

बबरमहल, काठमाडौं

वैदेशिक रोजगार सन्तती छात्रवृत्ति (शैक्षिक सत्र २०८० मा भुक्तानी छुट भएका एवं २०८१) का लागि निवेदन दिने बारेको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०४/३१

श्रम स्वीकृति लिई वैदेशिक रोजगारका गई तोकिएको अवधि भित्र मृत्यु, अंगभंग वा विरामी भई कल्याणकारी कोषबाट यस सचिवालय मार्फत शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका कामदारका सन्ततीलाई वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका लागि आफु अध्ययनरत शैक्षिक संस्थामा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन कार्यविधि, २०८० को अनुसुचि (१) वमोजिमको ढाँचामा २०८१ साल असोज मसान्तभित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. <u>विद्यार्थीले निवेदन पेश गर्ने निकायः</u> आफु अध्ययनरत विद्यालयमा कार्यविधिको अनुसुची - १ वमोजिमको ढाँचामा २०८१ असोज मसान्तभित्र। विद्यार्थीको स्थायी ठेगाना अन्यत्र भए पनि नाता प्रमाणित लगायत वडा कार्यालयबाट गर्नुपर्ने कागजात आफ्नो स्थानीय तहबाट बनाई अध्ययनरत विद्यालयमा छात्रवृत्तिको निवेदन पेश गर्नुपर्ने।

२. <u>छात्रवृत्तिका प्राप्त गर्ने लक्षित वर्गः</u>

- श्रम स्वीकृति लिइ वैदेशिक रोजगारमा गई निर्धारित अवधिभित्र मृत्यु वा अंगभंग वा विरामी भइ वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत (१००%) आर्थिक सहायता लिएका कामदारका छोरा/छोरी।

(शत प्रतिशत आर्थिक सहायता भन्नाले २०६५।७।१८ देखि २०६८।२।१९ सम्म रु. १ लाख, २०६८।२।२० देखि २०७१।६।३० सम्म रु. १ लाख ५० हजार, २०७१।६।३१ देखि २०७४।४।१५ सम्म रु. ३ लाख र २०७४।४।१६ देखि निवेदन दिने अन्तिम मिति सम्म रु. ७ लाख प्राप्त गरेको हुनुपर्ने। मृत्यु वा अंगभंग भएको तर आर्थिक सहायता/क्षतिपूर्ति वापत पूर्ण रकम नगरेका लाभग्राहीलाई यो छात्रवृत्ति प्राप्त नहुने)

डा. द्वारिका उप्रेती
कार्यकारी निर्देशक